मिथिला नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

ढल्केवर, धनुषा, मधेश प्रदेश, नेपाल


पत्र संख्याः-२०८१/०८२ मितिः२०८१/११/२९

चलानी नं.

**सूचना !** **सूचना !** **सूचना !**

**विषय : खानेपानी आयोजनाको मूल समिति गठन सम्बन्धमा ।**

श्री सम्पूर्ण लाभग्राहीहरु,
मिथिला नगरपालिका वडा नं.१, ४, ५, ६ र ७ ।

उपरोक्त सम्बन्धमा खानेपानी तथा ढल व्यवस्थापन विभाग, संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, जनकपुरधामको च.नं.४१४, मिति २०८१/११/२७ गतेको प्राप्त पत्रानुसार खानेपानी आयोजना( मिथिला न.पा.ओभरहेड टंकी निर्माण) मिथिला नगरपालिकाको **स्कीम नं.१** मा वडा नं.०४, **स्कीम नं.२** मा वडा नं.६ पुरै र वडा नं.१,५,७ को केहि भाग र **स्कीम नं.३** मा वडा नं.७ समावेश हुने गरी जम्मा तीन वटा स्कीमको डिपिआर स्वीकृत भई चालु आ.व.२०८१/८२ मा संरचनाहरु (बोरिङ्ग, ओभरहेड टंकी, पाईपलाईन इत्यादि) निर्माण कार्य गर्न गराउनको लागि टेण्डर गर्नु पर्ने भएको हुनाले खानेपानी आयोजना निर्माणको लागि उपभोक्ता समिति गठनको मापदण्ड अनुसार सबै स्कीम समावेश हुने गरी मूल उपभोक्ता समिति गठन गरी पठाईदिन अनुरोध भएकोमा मिथिला नगरपालिकाको उपभोक्ता समिति गठन, परिचालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७६ को दफा ४ बमोजिम सो खानेपानी मूल समिति गठन गर्नु पर्ने भएकोले सम्बन्धित सम्पूर्ण लाभग्राहीहरुलाई तपशिलको मिति, समय र स्थानमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

तपशिलः

मितिः २०८१/१२/०७ गते
समयः दिउँसो १:०० बजे
स्थानः मिथिला नगरकार्यपालिको कार्यालय परिसर, ढल्केवर, धनुषा ।

.....................
अशोक कुमार भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत